सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २६७ ♦ २०८३ साल जेष्ठ २८ विहिवार ♦ 11 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# भारतको हरियाणाबाट उद्धार गरिएका १६ नेपाली घर फर्किए, परिवारको जिम्मा लगाइयो

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

जेठ २७ गते, महोत्तरी



भारतको हरियाणा राज्यमा रोजगारीका लागि गएका महोत्तरीका १६ नेपाली श्रमिकलाई श्रम शोषण तथा दुर्व्यवहारको अवस्थाबाट उद्धार गरी स्वदेश फिर्ता ल्याइएको छ। उनीहरूलाई सुरक्षित रूपमा नेपाल ल्याएर परिवारजनको जिम्मा लगाइएको छ ।

महोत्तरीको बर्दिबास नगर पालिका-१४ स्थित एकीकृत नमुना मुसहर बस्तीका ती श्रमिकहरूलाई भारतीय सुरक्षा निकाय, नयाँ दिल्लीस्थित नेपाली दूतावास, आफन्त इन्डिया फाउन्डेसन तथा इलाका प्रहरी कार्यालय बर्दिबासको समन्वयमा उद्धार गरिएको हो।

उद्धारपछि उनीहरूलाई भिठामोड नाका हुँदै नेपाल प्रवेश गराई आफन्तको जिम्मा लगाइएको जनाइएको छ ।

जानकारी अनुसार आकर्षक तलब र राम्रो कामको प्रलोभन देखाएर गत चैत १३ गते उनीहरूलाई हरियाणाको झज्जर जिल्लास्थित एक कुखुरा फार्ममा कामका लागि लगिएको थियो ।

तर, त्यहाँ पुगेपछि श्रमिकहरूले सम्झौताअनुसारको सुविधा नपाउनुका साथै कुटपिट, धम्की, गालीगलौज र विभिन्न प्रकारका श्रम शोषण सहनुपरेको बताएका छन् ।

पीडित श्रमिकहरूले आफूहरू बसेको स्थानको वास्तविक अवस्था देखिने भिडियो र तस्वीर परिवारजनलाई पठाएपछि घटना सार्वजनिक भएको थियो ।

त्यसपछि परिवारका सदस्यहरूले इलाका प्रहरी कार्यालय बर्दिबास मार्फत नयाँ दिल्लीस्थित नेपाली दूतावाससँग उद्धारका लागि पहल गर्न आग्रह गरेका थिए ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार नेपाली दूतावासको समन्वयमा भारतीय प्रहरीले सम्बन्धित फार्ममा पुगेर श्रमिकहरूको उद्धार गरेको हो ।

आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरेपछि उनीहरूलाई स्वदेश फर्काइएको उनले बताए ।

उद्धारपछि नेपाल फर्किएका श्रमिकहरूले घर फर्किने आशा नै हराइसकेको अवस्थामा विभिन्न निकायको सक्रियताका कारण नयाँ जीवन पाएको अनुभूति भएको बताएका छन् ।

उनीहरूले उद्धार अभियानमा संलग्न सबै निकायप्रति आभार व्यक्त गरेका छन् ।

यस घटनाले भारत तथा अन्य मुलुकमा रोजगारीका लागि जाने नेपाली श्रमिकहरूको सुरक्षा, निगरानी तथा पूर्वसचेतनाको आवश्यकता अझै महत्वपूर्ण रहेको तथ्यलाई पुनः उजागर गरेको छ ।


सकुशल उद्धार गरि परिवारको जिम्मा लगाएकाहरुमा बर्दिवास १४ स्थित एकिकृत नमूना मुसहर बस्तिमा बस्ने बिरेन्द्र सदाको १८ वर्षीय मुकेश सदा, कारी चरण सदाको १७ वर्षीय छोरा किसन सदा, अकोश सदाको १३ वर्षीय छोराआशिक सदा, अमलाल सदाको १९ वर्षीय छोरा किरण सदा, किरण सदाको २६ वर्षीय श्रीमान अमृत सदा, मनोज सदाको १५ वर्षीय छोरा जय सदा, बम सदाको ३५ वर्षीय छोरा झरी सदा, झरी सदाको ३० वर्षीय श्रीमति लालमनि सदा, झरी सदाको १५ वर्षीया छोरी काजल सदा, झरी सदा १४ वर्षीय छोरी साजन सदा, झरी सदाको छोरा ७ वर्षीय छोरा शंकर सदा, सुरित लाल सदाको ३८ छोरा बिसु देव सदा, बिसु देव सदाको ३० वर्षीय श्रीमति महावती सदा, बिसु देव सदाको १० छोरा अमृत सदा, फगुनि सदाको ४० वर्षीय छोरा मोहन सदा, र मोहन सदाको ४५ वर्षीय श्रीमति बेचो सदा रहेका छन् ।




# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प



- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# इतिहास बोकेको जनकपुर चुरोट कारखाना पुनर्जीवनको प्रतीक्षामा

खबर दर्पण समाचारदाता

**जेष्ठ २७ गते, बर्दिवास**

जनकपुरमा ३३ बिघा ६ कट्ठा क्षेत्रफलमा फैलिएको ऐतिहासिक जनकपुर चुरोट कारखाना अहिले चुरोट उत्पादन गर्ने उद्योगका रूपमा होइन, मधेश प्रदेश सरकारको प्रशासनिक केन्द्रका रूपमा प्रयोग भइरहेको छ। कारखाना परिसरभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न मन्त्रालय, मन्त्री तथा मुख्यमन्त्रीका निवाससमेत सञ्चालनमा छन्।





मधेश प्रदेश सरकारले तत्कालीन प्रयोगका लागि कारखानाका संरचना उपयोग गर्दै आए पनि प्रदेश स्थापना भएको करिब नौ वर्ष पुग्न लाग्दा पनि स्थायी सचिवालय निर्माण वा अन्य विकल्पबारे ठोस पहल हुन सकेको छैन। उता, कारखाना पुनः सञ्चालन गर्ने विषयमा विभिन्न समयमा चर्चा भए पनि कार्यान्वयन भने हुन सकेको छैन।

एक समय नेपालकै प्रमुख सरकारी उद्योगमध्ये रहेको जनकपुर चुरोट कारखानाले ठूलो मात्रामा राजस्व योगदान गर्नुका साथै प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पाँच हजारभन्दा बढीलाई रोजगारी दिएको थियो। हजारौं परिवारको जीविकोपार्जनसँग जोडिएको यो उद्योग अहिले संरक्षण अभावका कारण जीर्ण बन्दै गएको छ।



तत्कालीन सरकारको निर्णयअनुसार २०७० असार २० गतेदेखि जनकपुर चुरोट कारखाना पूर्ण रूपमा बन्द भएको थियो। तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी नेतृत्वको सरकारले कारखानामा कार्यरत कर्मचारीलाई अवकाश दिने निर्णय गरेपछि उद्योग सञ्चालनविहीन अवस्थामा पुगेको हो। त्यसयता विभिन्न सरकारले पुनः सञ्चालनको योजना सार्वजनिक गरे पनि प्रभावकारी कदम चाल्न सकेका छैनन्।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव कल्पना श्रेष्ठका अनुसार कारखानाको सम्पत्ति, दायित्व, मेसिन तथा उपकरणको अवस्थाबारे विस्तृत अध्ययन भइरहेको छ। अध्ययन प्रतिवेदन आएपछि मात्र पुनः सञ्चालनको सम्भावना र भविष्यको योजनाबारे निष्कर्ष निकाल्न सकिने मन्त्रालयको भनाइ छ।

यता मधेश प्रदेश सरकारले भने कारखानाको जग्गा तथा भवन प्रदेश सरकार मातहत ल्याउने प्रयास गरिरहेको छ। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले यस विषयमा सङ्घीय सरकारसँग पहल भइरहेको बताउनुभयो।

पूर्वमुख्यमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका नेता लालबाबु राउतले पनि आफ्नो कार्यकालमा कारखानाको जग्गा प्रदेश सरकारको स्वामित्वमा ल्याउने प्रयास गरेको तर सफल हुन नसकेको बताउनुभयो। उहाँका अनुसार स्वास्थ्यका कारण चुरोट उत्पादन उद्योग सञ्चालन उपयुक्त नहुने भएकाले कारखानालाई अन्य प्रयोजनमा प्रयोग गर्नुपर्ने आवश्यकता छ।

## राष्ट्रिय उद्योगको गौरवदेखि बन्द अवस्थासम्म

२०२१ सालमा तत्कालीन राजा महेन्द्र वीरविक्रम शाहदेवको पहलमा तत्कालीन सोभियत सङ्घ (रुस) को आर्थिक तथा प्राविधिक सहयोगमा स्थापना भएको जनकपुर चुरोट कारखाना नेपालका प्रमुख सरकारी उद्योगमध्ये एक थियो।

देउराली, गैंडा, लालीगुराँस, लाहुरे, सिंह र याक जस्ता चर्चित ब्रान्ड उत्पादन गर्ने यो उद्योगले लामो समयसम्म राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याएको थियो।

तर २०४६ सालपछिको राजनीतिक परिवर्तन, कमजोर व्यवस्थापन, बढ्दो प्रतिस्पर्धा र बजार परिवर्तनका कारण उद्योग क्रमशः कमजोर हुँदै गयो। अन्ततः २०७० सालमा उत्पादन पूर्ण रूपमा बन्द भयो।

## करोडौँका उपकरण प्रयोगविहीन

हाल कारखाना परिसरमा रहेका करोडौँ रुपैयाँ मूल्य बराबरका मेसिन, उपकरण, वर्कसप, आधुनिक छापाखाना र विद्युत् उत्पादन संरचनाहरू प्रयोगविहीन अवस्थामा छन्। पूर्वकर्मचारीहरूले तीमध्ये धेरै उपकरण अझै सामान्य मर्मतपछि सञ्चालन गर्न सकिने दाबी गरेका छन्।

पूर्वकर्मचारी ७२ वर्षीय सेठ साहुका अनुसार रुसबाट ल्याइएका धेरै मेसिनहरू अझै उपयोग गर्न सकिने अवस्थामा छन्। "बन्द हुँदा धेरै मेसिन सञ्चालनमै थिए। केही उपकरण त छ महिनासमेत प्रयोग भएका थिएनन्," उहाँले बताउनुभयो।

उहाँका अनुसार कारखानाभित्रको आधुनिक छापाखाना अझै विभिन्न किसिमका छपाइका लागि प्रयोग गर्न सकिने अवस्थामा छ। वर्कसपमा रहेका लेथ मेसिन तथा अन्य उपकरणबाट सवारीसाधनका पार्टपुर्जा उत्पादन गर्न सकिने सम्भावना पनि रहेको उहाँको भनाइ छ। कारखानाको पावर हाउसमा रहेका इन्जिन, डाइनमो र नियन्त्रण प्रणालीसमेत सुरक्षित रहेको बताइएको छ। प्राविधिक परीक्षणपछि ती संरचना पुनः प्रयोग गर्न सकिने पूर्वकर्मचारीहरूको विश्वास छ।

## संरक्षण नभए सम्पदा गुम्ने जोखिम

कारखानाका सुरक्षा इन्चार्ज तुला खड्काका अनुसार लामो समयसम्म प्रयोगविहीन रहँदा उपकरणहरू बिग्रिने र कबाडमा परिणत हुने जोखिम बढेको छ। हाल कारखानाको सुरक्षामा सात जना कर्मचारी मात्र खटिएका छन्।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा केही भवनमा क्षति पुगे पनि मुख्य मेसिन तथा संरचना सुरक्षित रहेको उहाँले जानकारी दिनुभयो। केही साना पार्टपुर्जा चोरी भए पनि मुख्य संरचना अझै प्रयोगयोग्य रहेको उहाँको दाबी छ।

स्थानीयवासी, उद्योगी तथा सरोकारवालाहरूले जनकपुर चुरोट कारखानालाई आधुनिक उद्योग, औद्योगिक सङ्ग्रहालय वा बहुउद्देश्यीय आर्थिक केन्द्रका रूपमा विकास गर्नुपर्ने सुझाव दिँदै आएका छन्। उनीहरूका अनुसार यसले औद्योगिक इतिहासको संरक्षणसँगै रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रलाई पुनः गति दिन सक्छ।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिजा) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# सुरु हुँदै फुटबल महाकुम्भ



**खबर दर्पण समाचारदाता**
**जेष्ठ २७ गते, बर्दिवास**

विश्वकै सबभन्दा लोकप्रिय खेल फुटवलको महाकुम्भ बिहीबार मध्यराति सुरु हुँदै छ। अहिले विश्वकपको ज्वरोबाट सबै र न्किएका छन्। विश्वकप खेल्ने मात्र होइन, विश्वकपमा उपस्थित नभएका देश पनि बिनाभेदभाव आआफ्नो टिमको समर्थन गर्नमा व्यस्त हुने छन्। नेपाल यसबाट अछुतो हुने कुरै भएन। नेपाल पनि अहिले विश्वकपमय भइसकेको छ। विश्वभरका फुटवल समर्थक अहिले नै आफूलाई मनपर्ने फुटवल टिमको टिसर्ट लगाएर अथवा खेलाडीहरूको शैली 'कपी' गरेर विश्वकपको यस पर्वमा मस्त भइसकेका छन्। नेपालका ठुलासाना सहरका पसलमा आआफ्ना मनपर्ने टिमको जर्सी खरिद गर्ने बढेका छन्। होटल र रेस्टुरेन्टहरू पनि यस अवसरमा विशेष योजना बनाइरहेका छन्।

लोकप्रियताका हिसाबले विश्वकप फुटवल सबभन्दा ठुलो खेल आयोजना हो। प्रत्येक चार वर्षमा आयोजना हुने विश्वकप अमेरिका, मेक्सिको र क्यानडामा संयुक्त रूपमा आयोजना हुँदै छ। यस पटक विश्वको कुल जनसङ्ख्यामध्ये ५८ प्रतिशतले विश्वकप हेर्ने अनुमान गरिएको छ। त्यसैले विश्वको नजर एक महिनाभन्दा बढी समय अमेरिका, क्यानडा र मेक्सिकोका १८ भव्य रङ्गशालामा रहने छ। विश्वकप फुटबल तीन देशमा आयोजना हुन लागेको यो पहिलो पटक हो। यसअघि दुई देशले मात्र संयुक्त रूपमा विश्वकपको आयोजना गरेको इतिहास छ। विश्वकप २०२२ को आयोजना दक्षिण कोरिया र जापानले संयुक्त रूपमा गरेका थिए। विश्वकपको अर्को संस्करण पनि तीन देशमा संयुक्त रूपमा हुने पक्का भइसकेको छ। त्यसैले सन् २०३० का आयोजकहरू पोर्चुगल, स्पेन र मोरेक्कोले सूक्ष्म रूपमा यस विश्वकपको अवलोकन गर्ने छन्।

जुन ११ मा मेक्सिकोको प्रसिद्ध 'एस्टाडियो एज्टेका' रङ्गशालामा घरेलु टिम र दक्षिण अफ्रिकाबिचको उद्घाटन खेल हुने छ। ३९ दिनको प्रतिस्पर्धापछि जुलाई १९ मा अमेरिकाको न्यु जर्सीको मेटलाइफ स्टेडियममा फाइनल हुने छ। त्यस रात अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र फिफा प्रमुख जियानी इन्फान्टिनोले विजेता देशलाई ट्रफी प्रदान गर्नुहुने छ।

फिफाले यसपालि विश्वकपमा ४८ टिमलाई सहभागी गराएको छ, जुन विगतमा भन्दा १६ राष्ट्र बढी हुन्। चार राष्ट्र केप भेर्डे, कुराकाओ, उज्वेकिस्तान र जोर्डन त नवप्रवेशी मात्र छन्। यसले प्रतियोगिताको समय मात्र होइन, यस पटक विश्वकप इतिहासमै सबैभन्दा बढी खेल पनि खेलिने भएको छ। विश्वकपमा कुल १०४ खेल हुन्छन्। अमेरिकामा सबैभन्दा बढी ७६ खेल खेलिने छ। जसमध्ये क्वाटरफाइनल, सेमिफाइनल र फाइनल पनि छन्। यसै गरी अमेरिकाका ११ सहर न्युयोर्क, बोस्टन, मियामी, फिलाडेल्फिया, एट्लान्टा, डालास, हस्टन, कानास, लस एन्जल्स, सान फ्रान्सिस्को र सियाटलका रङ्गशालामा विश्वकपको प्रतिस्पर्धा हुने छ। यसै गरी मेक्सिकोका तीन सहर मेक्सिको सिटी, मोन्टेरेरी र गुवाडालाजारामा कुल १३ खेल खेलिने छ। क्यानडाको भागमा पनि १३ खेल परेका छन्। ती खेल टोरन्टो र भानकुभर सहर मा हुने छन्। मेक्सिको र अमेरि कासँग विश्वकप फुटबल आयोजनाको अनुभव छ। मेक्सिकोले सन् १९७० र १९८६ तथा अमेरिकाले सन् १९९४ मा विश्वको सबभन्दा ठुलो फुटबल प्रतियोगिताको आयोजना गरेको हो। क्यानडाले भने पहिलो पटक विश्वकप आयोजना गर्दै छ।

हुन त विश्वकप फुटबल जस्तो प्रतियोगितामा उपाधि विजेताको ठोकुवा गर्न सकिँदैन। तर विश्वकप मञ्चमा हुने श्रेष्ठताको लडाइँमा यसपालि स्पेन र फ्रान्सलाई प्रमुख उपाधि दाबेदार का रूपमा लिइएको छ। त्यसपछि गत विजेता अर्जेन्टिना, बेलायतलाई पनि विश्वकप जित्ने टिमका रूपमा आँकिएको छ। जर्मनी, पोर्चुगल, ब्राजिल, नेदरल्यान्ड्सलाई पनि दाबेदारीको सूचीबाट भिन्न मिल्दैन।

प्रसिद्धि कमाउने र आफूलाई महान् बनाउने ठुलो मञ्चमा नेमार, किलियन एमबापे, लामिने यमाल, ओसमान डेम्बेले, इर्लिङ हालान्ड, मोहम्मद सलाह जस्ता स्टार खेलाडी चम्किने अपेक्षा गरिएको छ। तर यसपालि पनि चर्चा लियोनेल मेसी र क्रिस्टियानो रोनाल्डोकै हुने पक्का छ। यस विश्वकपमा आधुनिक फुटबलका दुई महान् खेलाडी अर्जेन्टिनाका मेसी र पोर्चुगलका रोनाल्डोबिच पुनः उत्कृष्टताको लडाइँ हुने छ। यी दुवै अन्तिम पटक विश्वकप खेलिरहेको हुनाले भावनात्मक क्षण पनि पक्कै आउने छ। यी दुवै छैटौं पटक विश्वकप खेल्ने तयारीमा छन्। तर ढल्किँदो उमेरमा यी दुईका लागि यो विश्वकप अग्निपरीक्षा नै हुने छ।

यसै गरी प्रत्येक संस्करणमा जस्तै चोटले अथवा आफ्नो टिम छनोट नहुँदा विश्वका केही उत्कृष्ट खेलाडी पनि यस पटक अभाग्यशाली साबित भएका छन्। विभिन्न कारणले अभाग्यशाली हुँदा फ्रान्सका ह्युगो इकिटिके, ब्राजिलका स्टार खेलाडीद्वय रोड्रिगो र इडर मिलिटाओ, जर्मनी तथा बायर्न म्युनिखका फरवार्ड सर्जी गाब्री, इङ्ल्यान्डका कोल पाल्मर, फिल फोडेन, अर्जेन्टिनाका पाउलो डिबाला, पोल्यान्डका स्ट्राइकर रोबर्ट लेवान्डोस्की, जर्जियाका कभारा केभित्सखलिया र हङ्गेरीका डोमिनिक सोबोस्लाई जस्ता खेलाडी दर्शकमा सीमित भएका छन्।

विश्वकप सुरु हुनुअघि कूटनीतिक चिसोपना, यात्रा प्रतिबन्ध, कठोर आप्रवासन नीति, युद्धको भय जस्ता चुनौती पनि छन्। यस पटकको विश्वकपका टिकट अहिलेसम्मकै सबैभन्दा महँगा छन्। त्यसमाथि इरानसँगको युद्ध यस विश्वकपको सबैभन्दा जटिल पाटो हो। यसबाहेक अत्यधिक गर्मी पनि चुनौती हुने छ। यस विश्वपकमा कुल पुरस्कार राशि ६५५ मिलियन डलर रहेको छ। यो कतार विश्वकपको तुलनामा ४९ प्रतिशतले बढी हो। यस वर्ष च्याम्पियनले ५० मिलियन डलर प्राप्त गर्ने छ।

# सरकारी विज्ञापन नीतिविरुद्ध धनुषा र महोत्तरीमा पत्रकारको धर्ना, निर्णय फिर्ताको माग

**खबर दर्पण समाचारदाता**
**जेष्ठ २७ गते, बर्दिवास**

सरकारी विज्ञापन तथा सार्वजनिक सूचना वितरणसम्बन्धी नयाँ व्यवस्थाको विरोध गर्दै नेपाल पत्रकार महासंघ धनुषा, महोत्तरी शाखाले बुधवार जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना दिएको छ।

एक घण्टासम्म चलेको विरोध कार्यक्रममा सहभागी पत्रकार तथा सञ्चारकर्मीहरूले सरकारी विज्ञापन र सार्वजनिक सूचना सरकारी सञ्चारमाध्यममार्फत मात्र प्रवाह गर्ने निर्णय प्रेस स्वतन्त्रता र नागरिकको सूचनाको अधिकार विपरीत रहेको भन्दै तत्काल फिर्ता लिन सरकारसँग माग गरेका छन्।

धर्नालाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी परिपत्रका आधारमा लागू गरिएको व्यवस्था संविधानको मर्म र लोकतान्त्रिक मूल्यमान्यतासँग मेल नखाने बताए।

उनले सरकारी सूचना र विज्ञापनलाई सीमित माध्यममा केन्द्रित गर्दा स्वतन्त्र सञ्चार क्षेत्र कमजोर हुने र नागरिकको विविध स्रोतबाट सूचना प्राप्त गर्ने अधिकार प्रभावित हुने उल्लेख गरे।

कार्यक्रममा प्रकाशक महासंघ नेपालका अध्यक्ष शंकर साहले सर कारी निर्णयले निजी तथा स्वतन्त्र सञ्चारमाध्यमको आर्थिक अवस्थामाथि प्रत्यक्ष असर पार्ने बताए।

लोकतान्त्रिक व्यवस्थामा विज्ञापन वितरणलाई निष्पक्ष र समावेशी बनाउनुपर्नेमा जोड दिँदै उनले निर्णय पुनरावलोकन गर्न सरकार सँग आग्रह गरे।

विरोध कार्यक्रममा सहभागी सञ्चार कर्मीहरूले चैत १८ गतेको निर्णय संविधानले सुनिश्चित गरेको प्रेस स्वतन्त्रता, सूचनाको हक तथा विद्यमान कानुनी व्यवस्थाको भावना विपरीत रहेको दाबी गरेका छन्।

उनीहरूले सरकारी विज्ञापन र सूचनाको वितरणमा सबै सञ्चार माध्यमलाई समान अवसर प्रदान गर्नुपर्ने मागसमेत राखेका छन्।

महासंघले प्रेस स्वतन्त्रता र नागरिक अधिकारको संरक्षणका लागि आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

यसैक्रममा असार ५ गते नागरि क समाज, मानवअधिकारकर्मी तथा अन्य सरोकारवालासँग संयुक्त ऐक्यबद्धता कार्यक्रम आयोजना गर्ने तयारी भइरहेको महासंघले जनाएको छ।

त्यसैगरी धर्ना कार्यक्रममा नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष महेश कुमार दास, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतो लगायत जिल्लाका



विभिन्न सञ्चारमाध्यमका सञ्चालक, सम्पादक, पत्रकार तथा सञ्चारकर्मीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष महेश कुमार दासले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतान्त्रिक शासन व्यवस्थाको आधारभूत स्तम्भ भएको उल्लेख गर्दै संविधानले प्रत्याभूत गरेका अधिकारको संरक्षणमा कुनै पनि किसिमको हस्तक्षेप स्वीकार्य नहुने बताए। उनले सूचना र विज्ञापनसम्बन्धी विभेदकारी तथा स्वेच्छाचारी निर्णयले स्वतन्त्र पत्रकारिता र आमनागरिकको सूचनाको हकमाथि प्रतिकूल प्रभाव पार्ने भएकाले यस्ता निर्णय तत्काल खारेज गर्न सरकार सँग आग्रह गरे।

त्यसैगरी, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतोले स्वतन्त्र प्रेस लोकतन्त्रको महत्वपूर्ण आधार भएको बताउँदै पत्रकारिता क्षेत्रलाई कमजोर बनाउने कुनै पनि नीति तथा निर्णयले नागरिकको सूचनाको अधिकारलाई समेत प्रभावित पार्ने धारणा व्यक्त गरे। उनले पत्रकार हरूको पेशागत सुरक्षा, स्वतन्त्र रूपमा समाचार सम्प्रेषण गर्न पाउने वातावरण तथा सूचनामा सहज पहुँचको सुनिश्चितता गर्न राज्य गम्भीर हुनुपर्ने बताए।

महासंघले उठाएका मागहरू समयमै सम्बोधन गर्न सम्बन्धित निकायसँग उनले बताए।

# हुलाक सेवाको प्रभावकारिता अभिवृद्धिका लागि महोत्तरीमा क्षमता विकास तथा अन्तरक्रिया



**खबर दर्पण समाचारदाता**

**जेष्ठ २७ गते, बर्दिवास**

परम्परागत सञ्चारमाध्यमका रूपमा परिचित हुलाक सेवाको प्रभावकारिता तथा सेवाग्राहीमैत्री सेवा प्रवाहलाई थप सुदृढ बनाउने उद्देश्यले जिल्ला हुलाक कार्यालय महोत्तरीले क्षमता विकास तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ।

जलेश्वरस्थित जिल्ला हुलाक कार्यालयको सभा हलमा सोमबार सम्पन्न कार्यक्रममा कार्यालयका कर्मचारी तथा सञ्चारकर्मीबीच हुलाक सेवाको वर्तमान अवस्था, सामना गर्नुपरेका चुनौती तथा सुधारका सम्भावनाबारे विस्तृत छलफल गरिएको थियो। कार्यालय प्रमुख रामचन्द्र साहको अध्यक्षतामा आयोजित कार्यक्रममा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि, कार्यसम्पादनमा प्रभावकारिता तथा नागरिकको विश्वासलाई अझ सुदृढ बनाउने विषयमा विशेष जोड दिइएको थियो।

कार्यक्रममा सहजीकरण गर्दै प्रशिक्षक राकेश चौधरीले सूचना तथा प्रविधिको तीव्र विकाससँगै सेवा प्रणालीमा आएको परिवर्तनअनुरूप हुलाक सेवाले पनि आफूलाई समयसापेक्ष ढङ्गले रूपान्तरण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले सेवाग्राहीको अपेक्षा, संस्थागत उत्तरदायित्व तथा पारदर्शितालाई केन्द्रमा राखेर सेवा प्रवाह गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

अन्तरक्रिया कार्यक्रममा सहभागी सञ्चारकर्मी तथा कर्मचारीहरूले हुलाक सेवालाई अझ प्रभावकारी, विश्वसनीय र सर्वसुलभ बनाउन सूचना प्रवाहलाई व्यापक बनाउनुका साथै जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने सुझाव दिएका थिए। सेवा प्रवाहमा आधुनिक प्रविधिको उपयोग, कर्मचारीको क्षमता अभिवृद्धि तथा नागरिकसँगको समन्वयलाई सुदृढ बनाउन सके हुलाक सेवाप्रति जनविश्वास थप बढ्ने सहभागीहरूको धारणा थियो।

कार्यक्रममा हुलाक सेवाको परम्परागत महत्त्वलाई कायम राख्दै आधुनिक आवश्यकता अनुसार सेवा विस्तार र सुधारका प्रयासलाई निरन्तरता दिनुपर्नेमा सहभागीहरूले जोड दिएका थिए।

# स्थानीय सरकार युवा संघीयता फेलोशिप (YFF) अन्तर्गत १२ दिने सघन तालिम जनकपुरमा सुरु

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २७ गते, बर्दिवास**



काठमाडौँ विश्वविद्यालय (KU) अन्तर्गतको नेपाल समसामयिक अध्ययन केन्द्र (KU–NCCS) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) नेपालको सहकार्य तथा प्रदेश तथा स्थानीय शासन सुदृढीकरण कार्यक्रम (PLGSP) अन्तर्गत सञ्चालित स्थानीय सरकार युवा संघीयता फेलोशिप (Youth Federalism Fellowship–YFF) को १२ दिने सघन तालिम जनकपुरमा सुरु भएको छ।

प्रदेश अनुसन्धान तथा तालिम प्रतिष्ठान (PRTA), मधेश प्रदेशको सभाहलमा आयोजित उद्घाटन कार्यक्रममा प्रतिष्ठानकी कार्यकारी निर्देशक बबली मेहताको अध्यक्षता रहेको थियो। कार्यक्रममा काठमाडौं विश्वविद्यालय स्कुल अफ आट्र्सका डीन डा. उद्धव प्याकुरेल, PLGSP मधेश प्रदेशका प्रतिनिधि दिनेश सुधाकर लगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति थियो। यससँगै मधेश प्रदेशमा YFF कार्यक्रमको औपचारिक कार्यान्वयन पनि सुरु भएको छ।

स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि तथा संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको यस कार्यक्रमअन्तर्गत दक्ष र ऊर्जाशील युवा पेशाकर्मीहरूलाई स्थानीय तहमा परिचालन गरिनेछ। फेलोहरूले स्थानीय सरकारसँग सहकार्य गर्दै स्थानीय आवश्यकता, चुनौती र प्राथमिकताहरू पहिचान गर्न तथा प्राविधिक सहयोग उपलब्ध गराउन सहजीकरणकर्ताको भूमिका निर्वाह गर्नेछन्।

कार्यक्रमका लागि राजनीतिशास्त्र, कानुन, समाजशास्त्र, सार्वजनिक प्रशासन, विकास अध्ययनलगायत विषयमा स्नातक तह उत्तीर्ण गरेका ३० वर्षमुनिका युवाहरूलाई प्रतिस्पर्धात्मक प्रक्रियाबाट छनोट गरिएको हो। स्थानीय भाषा, संस्कृति र समुदायसँग घुलमिल हुन सक्ने क्षमतालाई पनि छनोटको महत्वपूर्ण आधार बनाइएको छ।

मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशका ६० स्थानीय तहका लागि प्रत्येक प्रदेशबाट २०/२० जना फेलो छनोट गरिएका छन्। प्रत्येक फेलोले आफूलाई तोकिएको स्थानीय तहमा १८ महिनासम्म कार्य गर्नेछन्।

कार्यक्रमका संयोजक तथा काठमाडौं विश्वविद्यालय स्कुल अफ आट्र्सका डीन डा. उद्धव प्याकुरेलका अनुसार, "यो कार्यक्रम 'स्थानीय सरकारसँग काम गर्ने, स्थानीय सरकारका लागि मात्र होइन' भन्ने अवधारणामा आधारित छ। फेलोहरूले स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरूको भूमिका तथा नेतृत्वलाई सम्मान गर्दै सहयोगी र सहजीकरणकर्ताको भूमिका निर्वाह गर्नेछन्।"

फेलोहरूले स्थानीय सरकार, प्रदेशस्तरीय प्राविधिक संस्थाहरू, प्रदेश अनुसन्धान तथा तालिम प्रतिष्ठान (PRTA), PLGSP तथा UNDP का प्राविधिक विशेषज्ञहरूसँग समन्वय गर्दै स्थानीय तहको योजना तर्जुमा, बजेट निर्माण, सेवा प्रवाह, लैंगिक समानता तथा सामाजिक समावेशीकरण (GESI), स्थानीय शासन र विकासका विविध पक्षमा सहयोग पुऱ्याउनेछन्।

कार्यक्रमअन्तर्गत सञ्चालन गरिएको १२ दिने तालिम युवा फेलोहरूलाई कार्यक्षेत्रमा खटिनुअघि आवश्यक ज्ञान, सीप र व्यवहारिक क्षमता विकास गर्ने उद्देश्यले तयार गरिएको हो। तालिम अवधिमा सहभागीहरूले नेपालको संघीय संरचना, संवैधानिक तथा कानुनी व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, योजना तथा बजेट प्रक्रिया, तथ्यांकमा आधारित निर्णय प्रणाली, सार्वजनिक सेवा प्रवाह, सहजीकरण तथा सञ्चार सीप, द्वन्द्व व्यवस्थापन, कोचिङ र मेन्टरिङलगायत विषयमा प्रशिक्षण प्राप्त गर्नेछन्।

तालिमका विभिन्न सत्रहरूमा काठमाडौं विश्वविद्यालय स्कुल अफ आट्र्सका डीन डा. उद्धव प्याकुरेल, ऐीन्क्ष्ए मधेश प्रदेशका प्रादेशिक शासन विश्लेषक दिनेश सुधाकर, नेपाल समसामयिक अध्ययन केन्द्रकी अध्येता सुमित्रा खड्का, सहजकर्ता प्रियंका झा, मधेश प्रदेश कार्यक्रम संयोजक सरोजकुमार महतोलगायत स्रोत व्यक्तिहरूले सहजीकरण गरिरहेका छन्।

विश्वविद्यालय तथा साझेदार संस्थाहरूका अनुसार यस तालिमले युवा फेलोहरूलाई स्थानीय सरकारसँग प्रभावकारी रूपमा काम गर्न आवश्यक ज्ञान, सीप र आत्मविश्वास प्रदान गर्नेछ। तालिम सम्पन्न भएपछि फेलोहरूलाई स्थानीय तहमा खटाइनेछ, जहाँ उनीहरूले आगामी १७-१८ महिनासम्म स्थानीय शासन र सेवा प्रवाह सुधारका लागि सहजीकरणात्मक भूमिका निर्वाह गर्नेछन्।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,